# सोसेक नेपाल
# बालसंरक्षण नीति २०७०

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघ महासन्धी १९८९ को धारा-१९, बाल संरक्षण सम्बन्धी विश्वव्यापी सिद्धान्त, सोसेक नेपालसंग साझेदारी गर्ने नेपालमा कार्यरत सबै विकास साझेदार संस्थाको नीति समेतलाई आधार मान्दै बाल दुर्व्यवहार, बाल हिंसा र बालश्रम शोषणको विरुद्धमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछ। सोसेक नेपालका सदस्य र कर्मचारीको सम्पर्कमा आउने बालबालिकाहरुको सुरक्षा तथा संरक्षण गर्ने दायित्व प्रति संवेदनशिल हुंदै आफ्ना हरेक कार्यक्रमहरुलाई अगाडी बढाउंदछ। बालबालिका भन्नाले यस नीतिले १८ वर्ष उमेर पूरा नगरेकालाई बुझाउंदछ।

<u>**सोसेक नेपालको बाल संरक्षण नीति अनुसार गर्न नहुने कुराहरुः**</u>

१. बालबालिकालाई पिट्ने वा शारिरीक रूपमा आक्रमण वा शारिरीक दुर्व्यवहार गर्ने।
२. १८ वर्ष भन्दा कम उमेरको कसैसंग पनि शारिरीक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने।
३. बालबालिकासंग कुनै पनि प्रकारको शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने सम्बन्धको विकास गर्ने
४. कुनै प्रकारको दुर्व्यवहार ठहर हुन सक्ने खालको क्रियाकलाप वा बच्चालाई दुर्व्यवहारको जोखिममा पार्नसक्ने क्रियाकलाप गर्ने।
५. अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाब वा सल्लाह दिने।
६. अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने।
७. विशेष परिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसंग सम्बन्धित बालबालिकासंग घरमा वा कुनै पनि स्थानमा रात बिताउने।
८. कार्यक्रमसंग सम्बन्धित बालबालिकासंग एउटै ओछ्यानमा सुत्ने।
९. विशेष परिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसंग सम्बन्धित बालबालिकासंग एउटै कोठामा सुत्ने।
१०. बालबालिकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरू गरिदिने।
११. बालबालिकाको कुनैपनि गैरकानूनी, असुरक्षित वा दुर्व्यबहारजन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने।
१२. कुनै पनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका क्रियाकलाप गर्ने।
१३. कुनै पनि बालबालिका प्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरी कुनै खास बालबालिकालाई बढी सहयोग गर्ने।
१४. अरू भन्दा टाढा बालबालिकासंग अनावश्यक रूपमा धैरै समय बिताउने।
१५. अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफूलाई पार्ने।

यो सूचि आफैंमा पूर्ण होइन। कर्मचारी, विकास साझेदारहरू र अन्य प्रतिनिधिहरूले जहिले पनि त्यस्ता क्रियाकलाप वा व्यवहारबाट टाढा रहनुपर्छ जुन व्यवहार गलत रूपमा प्रतिविम्बित हुने, निम्नस्तरको ठानिने वा सम्भावित रूपमा दुर्व्यवहार जन्य प्रकारको हुन सक्छ।

<u>*यसका साथै वयस्कहरुको आत्सम्मानको रक्षा गर्दै, घरेलु हिंसा, महिला हिंसा तथा छापउपडीप्रथालाई दुरुत्साहित गर्दै महिला हिंसा विरुद्धको अभियानमा संलग्न हुने र मर्यादित महिनावारीलाई आत्मसाथ गर्दै महिलाहरुलाई घर तथा समुदायमा सम्मानका साथ बाँच्न पाउने अधिकारको सुनिश्चिततामा सहभागि हुनेछौं।*</u>

माथि उल्लेखित नीतिलाई पूर्णरुपमा पालना गर्नेछु।

नामः

पदः

हस्ताक्षरः

मितिः